# विहादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## वहाकीठाँटी, पर्वत
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या :- २०८१।०८२
चलानी नं. :-

मिति :-
२०८१।०९।१२
ने.स. ११४५ थिँलागा १२ शुक्रवार

विहादी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वहाकीठाँटी, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

सूचना नं.: ०१/०८१/८२। तहवृद्धि

**स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ बमोजिम तहवृद्धि गर्ने सम्बन्धी सूचना ।**

(सूचना प्रकाशित मिति: २०८१।०९।१२)

गण्डकी प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ मा भएको तहवृद्धिको व्यवस्था बमोजिम तहवृद्धि हुने पदभन्दा एक तह मुनिको पदमा गण्डकी प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा २७ बमोजिमको योग्यता पुरा गरेका तथा दफा ३१ बमोजिमको नकरात्मक सूचीमा नपरेका यस कार्यालयमा कार्यरत इच्छुक स्थायी कर्मचारीहरुले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेशको वेवसाइट : www.ocmcm.gandaki.gov.np मा रहेको तहवृद्धिको आवदेन फाराम डाउनलोड गरी फाराममा उल्लेखित विवरण खुलाई नेपाली कागजमा प्रिन्ट गरि आवश्यक अन्य कागजातहरु संलग्न राखि यस सूचनाको मितिले १५ दिन (२०८१।०९।२६ गते) कार्यालय समय भित्रमा यस कार्यालयमा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद नाघी प्राप्त हुन आएका, पूरा विवरण भरी पेश नभएका वा तोकिए बमोजिमका कागजातहरु संलग्न नभएका आवेदन उपर कुनै कारबाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

पुनश्च: तहवृद्धि/ तह मिलान सम्बन्धी अन्य व्यवस्थाहरु गण्डकी प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ र नियमावली २०८० बमोजिम हुनेछ ।

**<u>आवेदन फाराम साथ संलग्न गर्नुपर्ने कागजातहरु :</u>**

१. स्थायी नियूक्ति पत्रको प्रमाणित प्रतिलिपी

२. हाजिरि भएको जानकारी पत्रको प्रतिलिपी

३. PIS विवरण

४. सरुवा तथा रमाना पत्रको प्रमाणित प्रतिलिपी

५. स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को अनुसूची २ बमोजिमको न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपीहरु ।

हरि प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत